| २५ | उदय बहादुरथापा<br>बाबुःचित्रवहादुर<br>बाजेः कर्णवहादुर | १०५६<br>२०३५/१०/६<br>कास्की | पोखराउ.म.न.पा.<br>वडा नं. १६ | गुण्डु -३ख, भक्तपुर | २३०<br>२३४ | ६–०–०–०<br>१-८-०-० | ७,६०,६३,०९६।- |
| २६ | दिपकभण्डारी<br>बाबुःदुर्गा बहादुर<br>बाजेः खड्गबहादुर | १५३/२०५<br>०४६/१०/२९<br>मोरङ् | का.म.न.पा. १० | गुण्डु -३ख, भक्तपुर | ३६८<br>२९३ | २-३-०-०<br>३-२-०-० | २,८१,९६,४२०।- |
| २७ | कृष्ण बस्नेत<br>बाबुःरूपवहादुर बस्नेत<br>बाजेः चन्द्र बहादुर<br>(जानुका बस्नेतको नामको जग्गा) | ९/४२७९ जारी मितिः<br>२०५१।९।२१ भक्तपुर | गुण्डुगा.वि.स.<br>वडा नं. ४<br>भक्तपुर | गुण्डु -३ख, भक्तपुर | ३९१ | ६-९-०-० | २,१८,५२,४०८।- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | स्वरूप मरासिनी<br>बाबुःगोविन्द<br>बाजेः नारायण<br>(सर्वेश मरासिनीको नामको जग्गा) | ०१/२६८<br>२०५१/१०/३<br>बाँके | नेपालगञ्जन.पा. वडा नं. १३ बाँके | गुण्डु -३ख, भक्तपुर | ३७० | ५-१-०-० | ३,०८,५१,२१४।- |
| २९ | प्रदिप बस्नेत<br>बाबुः मोहन बहादुर बस्नेत<br>बाजे नरेन्द्र बहादुर बस्नेत | ११४६०/३७३७/४८९१<br>२०४८/३/२<br>काठमाडौं | का.म.न.पा. १४ | ठेचो-३ क, ललितपुर<br><br>ठेचो-६क, ललितपुर | १०४<br>६८<br>२४० | १-३-०-०<br>१-१-१-०<br>२-१२-२-० | २,९९,४३,१२८।- |

# समस्याग्रस्त सहकारी संस्थाको रकम दावी सम्बन्धी निवेदनको ढाँचा

| |
|---|
| कार्यालय प्रयोजनका लागि मात्र |
| दर्ता नं ......................... |
| दर्ता मिति ................................ |
| कर्मचारीको नाम .......................... |
| कर्मचारीको दस्तखत......... |

श्रीमान् अध्यक्षज्यू
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
अनामनगर, काठमाण्डौं ।

विषय: भुक्तानी पाउन बाँकी रकमको दावी पेश गरेको ।

नेपाल सरकारबाट समस्याग्रस्त घोषित ........................................................................................ संस्थामा मैले/हामीले जम्मा गरेको बचत/मुद्धति/शेयर रकम/अपार्टमेण्ट बुकिङ्ग/लगानी गरेको कर्जा /असूल गर्न /संस्थालाई तिर्न,बुझाउन पर्ने तपसिल बमोजिमको रकम देहाय बमोजिम खुलाई पेश गरेको छु, छौ ।संस्थालाई तिर्न,बझाउनु पर्ने रकम कटाई बाँकी रकम भुक्तानी दिलाइ दिने व्यवस्थाकालागि अनुरोध गर्दछु, छौ ।

१ **निवेदकको नामथरः**........................................................ लिङ्ग- पुरुष ☐ महिला ☐ शेयर सदस्यता नं....................................

निवेदकको जन्म मितिः ................................ ना.प्र.नं. ...................... ना.प्र.जारी भएको जिल्ला ...................... ना.प्र.जारी मिति....................................

निवेदकको नाममा रहेको बैंक खाताः बैकको नाम र शाखा ........................................................ खाता नं. .......................................................................................

स्थायी ठेगाना:(नागरिकतामा उल्लेख भएको ठेगाना उल्लेख गर्ने) अञ्चल................................ जिल्ला.................................................

गा.वि.स / न.पा. ................................................वडा नं. .........गाउँ वा टोलको नाम...................................................................................................

हालको ठेगाना...............................................................................................................................................................................

पिता वा पतिको नाम थर ...................................................सम्पर्क नम्बर ...............................................इमेल..........................................................

समूह; (आफूसंग सम्बन्धित समूहमा √ लगाउनुहोस् )

☐ बचतकर्ता ☐ शेयर सदस्य ☐ अपार्टमेण्ट बुकर ☐ बैंक / वित्तीय संस्था ☐ सरकारी निकाय ☐ अन्य साहु ☐ ऋणी सदस्य

**२. बचत रकमको विवरण तलको कोठामा राम्रोसँग यकिन गरी भर्नुहोस् ।** **बचत खाता नं.................................................**

| सि.नं | बचत रकम जम्मा गरेको मिति | जम्मा गरेको बचत रकम | ब्याजदर | ब्याज रकम २०७४ चैत्र मसान्त सम्मको | बचत फिर्ता मिति | बचत फिर्ता रकम | जम्मा बाँकी रकम साँवा र ब्याज समेत (२+४-६) |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| २.३ | | | | | | | |
| | जम्मा | | | | | | |

**३. मुद्धती खाता (फिक्स डिपोजिट) मा जम्मा गरेको रकमको विवरण तलको कोठामा राम्रोसँग यकिन गरी भर्नुहोस् ।** **मुद्धती खाता नं..................................................**

| सि.नं | मुद्धती खातामा रकम जम्मा गरेको मिति | जम्मा गरेको रकम | ब्याजदर | ब्याज रकम २०७४ चैत्र मसान्तसम्मको | रकम फिर्ता मिति | फिर्ता रकम | जम्मा बाँकी रकम साँवा र ब्याज समेत (२+४-६) |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| ३.१ | | | | | | | |
| ३.२ | | | | | | | |
| ३.३ | | | | | | | |
| ३.४ | | | | | | | |
| ३.६ | | | | | | | |
| ३.७ | | | | | | | |
| | जम्मा | | | | | | |

**४. शेयर रकमको विवरण तलको कोठामा राम्रोसंग भर्नुहोस् —** **शेयर सदस्यता नं................................**

| सि.नं | शीर्षक | शेयर खरिद मिति | जम्मा शेयर संख्या | जम्मा शेयर रकम |
|---|---|---|---|---|
| ३.१ | शेयर रकम | | | |

**५.संस्थालाई ऋण लगानी गरेका कर्जा असूल गर्न बाँकी बैंक/ वित्तीय संस्थाले तलको कोठा प्रयोग गर्नु होस् —**

| सि.नं | ऋण लगानी गर्ने बैंक/ वित्तीय संस्थाको नाम | ऋण लगानी गरेको आयोजना | ऋण लगानी मिति | ऋण लगानी साँवा रकम | ब्याजदर | पाउँनु पर्ने बाँकीब्याज २०७४ चैत्र मसान्त सम्म | जम्मा पाउनुपर्ने साँवा /ब्याज रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| ५.१ | | | | | | | | |
| ५.२ | | | | | | | | |
| ५.३ | | | | | | | | |
| ५.४ | | | | | | | | |
| ५.५ | | | | | | | | |
| ५.६ | | | | | | | | |
| | जम्मा | | | | | | | |

**५. क.बैंक/ वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा धितो लिएको घर / जग्गा / अपार्टमेण्टको विवरण—**

| सि.न. | धितोको किसिम | अचल धितोको ठेगाना | कित्ता नं. | क्षेत्रफल | रोक्का गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| ५.१.१ | | | | | | |
| ५.२.१ | | | | | | |
| ५.३.१ | | | | | | |
| ५.४.१ | | | | | | |
| ५.५.१ | | | | | | |
| ५.६.१ | | | | | | |

**६. अपार्टमेण्टको लागि बुकिङ्ग गर्दा बुझाएको रकम तल उल्लेख गर्नुहोस् —**

| सि.नं. | बुकिङ्ग गरेको अपार्टमेण्टको नाम | बुकिङ्ग गरेको अपार्टमेण्टको ठेगाना | फ्ल्याट नं. | बुकिङ्ग गरेको मिति | बुकिङ्ग गर्दाको मूल्य रु | बुकिङ्गको लागि जम्मा गरेको रकम रु | अपार्टमेण्टको लागि तिर्न बाँकी रकम रु |
|---|---|---|---|---|---|---|---|
| ६.१ | | | | | | | |
| ६.२ | | | | | | | |
| ६.३ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६.४ | | | | | | | |
| | जम्मा | | | | | | |

**७. सरकारी निकायले संस्थाबाट असूल गर्न बाँकी नेपाल सरकारको वक्यौताको विवरण तलको कोठामा उल्लेख गर्नुहोस् —**

| सि.न. | वक्यौताको विवरण | मिति | वक्यौता रकम | कैफियत |
|---|---|---|---|---|
| ७.१ | | | | |
| ७.२ | | | | |
| ७.३ | | | | |
| | जम्मा | | | |

**८.संस्था उपर माथि उल्लेख भएका वाहेक अन्य कुनै व्यक्ति वा संस्थाहरूको कुनै माग दावी भए तलको कोठा प्रयोग गर्नुहोस् —**

| सि.न. | पाउनु पर्ने रकमको विवरण | पाउनु पर्ने मिति | पाउनु पर्ने रकम | रकम पाउनु पर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|
| ८.१ | | | | | |
| ८.२ | | | | | |
| ८.३ | | | | | |
| | जम्मा | | | | |

**९.संस्थालाई तिर्न/ बुझाउन वाँकी ऋणको विवरण तलको कोठामा उल्लेख गर्नुहोस्—**

| सि.न. | ऋण लिएको मिति | ऋणको सावाँ रकम | ब्याजदर | तिर्नु पर्ने बाँकी ब्याज २०७४ चैत्र मसान्तसम्म | जम्मा तिर्नु पर्ने सावाँ र ब्याज रकम | कैफियत* |
|---|---|---|---|---|---|---|
| ९.१ | | | | | | |
| ९.२ | | | | | | |
| ९.३ | | | | | | |
| | जम्मा | | | | | |

*ऋण लिंदा धितो राखेको विवरण तलको कोठामा उल्लेख गर्नुहोस् —

| सि.न. | धितोको किसिम | अचल धितोको ठेगाना | कित्ता नं. | क्षेत्रफल | धितो रोक्का मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| ९.१.१ | | | | | | |
| ९.२.१ | | | | | | |
| ९.३.१ | | | | | | |

१०. खुद पाउनु पर्ने रकम (२+३+४+५+६+७+८) —९ =अंकमा......................................................

१०.१ खुद पाउनु पर्ने रकम अक्षरमा ...............................................................................................................

**११.** संस्थाका सञ्चालक, कर्मचारी वा निजका परिवारका सदस्यले बचतकर्ताको रकम पूरै वा आंशिक रूपमा कुनै कम्पनि, संस्था वा आर्थिक कारोवार वा व्यवसायमा प्रयोग गरेको वा सो बाट बढे बढाएको सम्पत्ति सम्बन्धी कुनै तथ्ययुक्त जानकारी भए तल खुलाउनु होस् --

.................................................................................................................................................................................................................................

.................................................................................................................................................................................................................................

.................................................................................................................................................................................................................................

**१२. आफ्नो मागदावी सम्वन्धमा थप केही कुरा भए तल उल्लेख गर्नु होस्-**

-----------------------------------------------------------------------------------------------------------------------------------------------------------------

-----------------------------------------------------------------------------------------------------------------------------------------------------------------

-----------------------------------------------------------------------------------------------------------------------------------------------------------------

------------------------------------------------------------------------------------------------------------------------------.............................................

.................................................................................................................................................................................................................................

**१३.संलग्न प्रमाणहरू**

१. बचत रकम जम्मा गरेको निस्साको प्रतिलिपि
२. मुद्धति रसिदको प्रतिलिपी
३. शेयर प्रमाण पत्रको प्रतिलिपि
४. ना.प्र.को प्रतिलिपि
५. धितो राखिएको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि
६. ऋण लिएको निस्साको प्रतिलिपि
७. कर्जा प्रवाह गर्दा गरिएको लिखत
८. दावी पुष्टि हुने अन्य कागजात
९. ऋण तिरेको प्रमाणको प्रतिलिपि
१०.अन्य केही भए सो को प्रमाणको प्रतिलिपि
जम्मा संलग्न प्रमाण प्रतिलिपिको थान संख्याः.....................

१४.माथि विभिन्न प्रकरणमा लेखिएको विवरण ठीक साँचो हो । विवरण झुट्टा ठहरे कानून वमोजिम सहन, बुझाउन तयार छु भनी सहिछाप गर्ने

निवेदक | रेखात्मक सहिछाप

नाम,थर........................................ बाँया दाँया

दस्तखत............................

ठेगाना.......................................................................................................................

ईति सम्बत्....................साल....................महिना...............गते............रोज.......शुभम् ।

**नोट-** यो निवेदन राम्रोसंग अध्ययन गरी केरमेट नगरी भर्नु होला । माथिको महल नपुग हुने भएमा छुट्टै पाना तयार गरी प्रयोग गर्न सकिने छ । निवेदन पेश गर्दा मागदावी पुष्ट्याई हुने सक्कल प्रमाणहरू पेश गरी समितिको छाप लगाउनु पर्नेछ ।

# नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
## अनामनगर, काठमाडौं
## ओरेण्टल को-अपरेटिभ लिमिटेड, मैतिदेवी काठमाडौंको दायित्व तथा सम्पत्ति सार्वजनिक गरिएको
(प्रकाशित मिति २०७५।११।२३)

सहकारी ऐन, २०७४ को दफा १०४(३) बमोजिम नेपाल सरकारबाट मिति २०७४।७।२० मा ओरेण्टल को-अपरेटिभ लिमिटेड, मैतिदेवी काठमाडौं (यसपछि "सहकारी संस्था" भनिएको) लाई समस्याग्रस्त सहकारी संस्था घोषणा गरी सो सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्न सोही ऐनको दफा १०५ बमोजिम गठित यस समितिले ऐ. ऐनको दफा ११३ को प्रयोजनार्थ हालसम्मको छानविनबाट सो सहकारी संस्थाको सम्पत्ति तथा दायित्व देहाय बमोजिम सरोकारवाला सबैको जानकारीका लागि समितिको मिति २०७५।११।२३ को निर्णयानुसार सार्वजनिक गरिएको छ।

१. **दायित्वः** सहकारी ऐन, २०७४ को दफा ११२ अनुसार समस्याग्रस्त घोषित सहकारी संस्थाका सदस्य, बचतकर्ता तथा साहुहरूलाई आफूले पाउनु पर्ने रकमको दावी पेश गर्न मिति २०७४।१२।२५ मा यस समितिबाट प्रकाशित सार्वजनिक सूचना समेतको आधारमा देहाय बमोजिमको दायित्व रहेको देखिन्छ।

रु. करोडमा

| सि.नं. | दायित्व विवरण | साँवा रकम | २०७४ चैत्र सम्मको व्याज | कूल रकम |
|---|---|---|---|---|
| १ | सहकारी संस्थाका बचतकर्ताको निक्षेप रकम | ४२१.०० | ४१७.०० | ८३८.०० |
| २ | सहकारी संस्थाको शेयर रकम | ०.०२ | - | ०.०२ |
| ३ | अपार्टमेण्ट बुकिङ्ग रकम | ३१०.४८ | १८२.०० | ४९२.४८ |
| ४ | बैंक तथा वित्तिय संस्थाको कर्जा | १०७.८४ | ९०.३१ | १९८.१५ |
| ५ | नेपाल सरकारको कर दायित्व | ५३.१० | - | ५३.१० |
| ६ | अन्य साहु | १९.७० | - | १९.७० |
| | जम्मा दायित्व रकम | ९१२.१४ | ६८९.३१ | १६०१.४५ |

## २. सम्पत्तिः

### २.१ अचल सम्पत्ति तर्फः

सहकारी संस्थाका तत्कालीन अध्यक्ष सुधिर बस्नेत एवं संचालकहरुको नाममा हालसम्मको छानविनबाट अचल सम्पत्ति देखिएको छैन। तर, सहकारी संस्थाका तत्कालीन अध्यक्ष र संचालकहरुद्वारा संचालित निम्न कम्पनीहरुको नाममा रहेको अचल सम्पत्तिको अवस्था देहाय बमोजिम रहेको पाईएको छः-

**२.१.१** सहकारी संस्थाका तत्कालीन अध्यक्ष एकल संचालक रहेको कोहिनुर हिल हाउजिङ्ग प्रा.लि. को नाममा दर्ता स्रेस्ता कायम रहेको ललितपुर जिल्ला साविक इमाडोल गाउँ विकास समिति वडा नं. ४, बालकुमारी स्थित नविल बैंक लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक लिमिटेड र कर्मचारी संचयकोषमा धितो बन्धक राखिएको कित्ता नं ७५ र १०३१ समेतका जम्मा ८२ कित्ताको कूल क्षेत्रफल ४०-२-३-२ रोपनी जग्गा र उक्त जग्गामा अधुरो अवस्थामा रहेको भेगाससिटि अपार्टमेण्ट र लिगलगापात समेत देखिएको छ। यस भेगाससिटी अपार्टमेण्ट निर्माणका लागि भनी नविल बैंक लिमिटेड बाट मिति २०७५।०९।०३ सम्म सावाँ र व्याज समेत रु.३१,०९,९२,६६२।६२, राष्ट्रिय बाणिज्य बैंक लिमिटेड बाट मिति २०७५।०९।०३ सम्म सावाँ र व्याजसमेत रु. ६०,०४,२४,०२०।२४ तथा कर्मचारी संचयकोषबाट मिति २०७५ सालको आश्विन मसान्तसम्म साँवा र व्याज गरी रु. ५७,५७,३४,७१९।२४ समेत जम्मा रु. १,४८,७१,५१,४०२।१० ऋण दायित्व सिर्जना भएको देखिन्छ। विभिन्न व्यक्तिहरुले सहकारी संस्थाका तत्कालीन अध्यक्ष समेतका नाउँमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरी विचाराधिन रहेको समेतका कारणबाट उल्लेखित कित्ताका जग्गाहरु अदालतको आदेशबाट समेत रोक्का रहेका छन्। भेगास सिटी अपार्टमेण्ट परियोजना अन्तरगत आवास निर्माण र जग्गा खरिद गर्नको लागि भनी रु. १ अर्व ९० करोड लगानी भएको, कर्जा ६७ करोड ५० लाख रुपैयाँ लिएको र अपार्टमेण्ट बुकिङ्गकर्ताहरुबाट ६२ करोड रुपैयाँ उठाएको भन्नेसमेतको तथ्य खुलाई मिति २०७०।०९।०७ मा जाँचबुझ आयोगसमक्ष सहकारी संस्थाका तत्कालीन अध्यक्षले निवेदन दिई सहकारी संस्थाका बचतकर्ताहरुको बचत रकम कोहिनुर हिल हाउजिङ्ग प्रा.लि. अन्तर्गतको भेगास सिटी अपार्टमेण्ट परियोजनामा लगानी गरेको तथ्यलाई स्वीकार गरेको देखिन्छ। यसैगरी, सोही भेगाससिटी अपार्टमेण्टको लागि केदार बानिया सहितका २७८ जना बुकिङ्कर्ताहरूबाट करार संझौता गरी कूल रकम रु. ७०,८२,७६,७१५।३२ उठाएको र सो रकमको वार्षिक ११ प्रतिशतका दरले हुन आउने व्याज रू. ६६,२७,९४,०६०।०८ समेत थप गरी जम्मा रू. १,३७,१०,७०,७७५।४० को दायित्व सिर्जना भएको स्वीकार गरी यस समिति समक्ष सहकारी संस्थाका तत्कालीन अध्यक्षले मिति २०७५।०६।२५ मा निवेदन दिएकोसमेत अवस्था छ।

२.१.२ सहकारी संस्थाको निक्षेप रकम प्रयोग गरी खरिद गरेको भनी सहकारी संस्थाका तत्कालीन अध्यक्षले मिति २०६९।०९।१७ मा सहकारी विभागलाई लेखेको पत्रमा उल्लेख भएका भक्तपुर जिल्ला साविक गुण्डु गाउँ विकास समिति वडा नं. ३ हाल सूर्य विनायक नगरपालिका वडा नं. ७ मा विभिन्न ऋणी समेतका व्यक्तिहरुको नाउँमा दर्ता श्रेस्ता कायम रहेका देहायका जग्गाहरु समितिको निर्णयानुसार रोक्का गरिएको छ।

| सि.नं. | व्यक्ति वा संस्थाको नाम | साविस गा.वि.स. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृष्ण प्रसाद शर्मा | गुण्डु -३ भक्तपुर | ३ ख ३९७ | ६-६-०-० | |
| २ | बोध कुमारी शर्मा | गुण्डु -३ भक्तपुर | ३ ख ३२३ | १-०-०-० | |
| | बोध कुमारी शर्मा | गुण्डु -३ भक्तपुर | ३ ख ३२५ | ४-०-०-० | |
| ३ | चिरन कुमार पौडेल | गुण्डु -३ भक्तपुर | ३ ख २३३ | १-८-०-० | |
| | चिरन कुमार पौडेल | गुण्डु -३ भक्तपुर | ३ ख ३७८ | ३-४-२-० | |
| ४ | एलिसा अधिकारी | गुण्डु -३ भक्तपुर | ३ ख ३७७ | ५-८-०-० | |
| ५ | रञ्जिता फुयाँल | गुण्डु -३ भक्तपुर | ३ ख २०५ | ९-०-०-० | |
| ६ | कुमार निरौला | गुण्डु -३ भक्तपुर | ३ ख ३९५ | ५-१२-२-० | |
| ७ | अञ्जना श्रेष्ठ | गुण्डु -३ भक्तपुर | ३ ख ३९४ | २-८-०-० | |
| | अञ्जना श्रेष्ठ | गुण्डु -३ भक्तपुर | ३ ख ३९६ | ३-०-०-० | |
| ८ | ओम प्रकाश साह | गुण्डु -३ भक्तपुर | ३ ख २०४ | ४-०-०-० | |
| | ओम प्रकाश साह | गुण्डु -३ भक्तपुर | ३ ख २२७ | ०-४-०-० | |
| ९ | तारा भण्डारी | गुण्डु -३ भक्तपुर | ३ ख ३८८ | ५-७-०-० | |
| १० | दिपेन्द्र श्रेष्ठ | गुण्डु -३ भक्तपुर | ३ ख ३७५ | २-७-०-० | |
| | दिपेन्द्र श्रेष्ठ | गुण्डु -३ भक्तपुर | ३ ख ३८१ | २-१०-०-० | |
| | दिपेन्द्र श्रेष्ठ | गुण्डु -३ भक्तपुर | ३ ख ३४ | ०-१५-२-० | |
| ११ | पन्ना श्रेष्ठ | गुण्डु -३ भक्तपुर | ३ ख १२७ | ५-८-०-० | |
| १२ | राजु श्रेष्ठ | गुण्डु -३ भक्तपुर | ३ ख २९१ | ८-१२-०-० | |
| | राजु श्रेष्ठ | गुण्डु -३ भक्तपुर | ३ ख २०७ | ६-०-०-० | |
| १३ | अनिल श्रेष्ठ | गुण्डु -३ भक्तपुर | ३ ख ३९० | २-३-२-० | |
| | अनिल श्रेष्ठ | गुण्डु -३ भक्तपुर | ३ ख ३९२ | ३-४-२-० | |
| १४ | बसन्त प्रसाद भण्डारी | गुण्डु -३ भक्तपुर | ३ ख ३८९ | ७-८-०-० | |
| १५ | राजेन्द्र कुमार श्रेष्ठ | गुण्डु -३ भक्तपुर | ३ ख ३९३ | ५-८-०-० | |
| १६ | टिकाराम बस्नेत | गुण्डु -३ भक्तपुर | ३ ख ३८७ | ५-७-०-० | |
| १७ | रामगोपाल घिमिरे | गुण्डु -३ भक्तपुर | ३ ख ६८ | ३-५-०-० | |
| | रामगोपाल घिमिरे | गुण्डु -३ भक्तपुर | ३ ख ३८० | ३-१२-०-० | |
| १८ | सीता कुमारी श्रेष्ठ | गुण्डु -३ भक्तपुर | ३ ख ३७४ | ५-१०-०-० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | हेम कुमारी बस्नेत | गुण्डु -३ भक्तपुर | ३ ख २३९ | ६-८-०-० | |
| २० | जिनू श्रेष्ठ | गुण्डु -३ भक्तपुर | ३ ख २५२ | ५-६-०-० | |
| २१ | राजेश आचार्य | गुण्डु -३ भक्तपुर | ३ ख ६४ | ३-१५-०-० | |
| | राजेश आचार्य | गुण्डु -३ भक्तपुर | ३ ख ६६ | २-७-०-० | |
| २३ | प्रवेश कुमार शर्मा | गुण्डु -३ भक्तपुर | ३ ख १२१ | ०-११-०-० | |
| २४ | मधुसुदन सापकोटा | गुण्डु -३ भक्तपुर | ३ ख ६३ | ६-१२-०-० | |
| २५ | भोग्य प्रसाद कट्टेल | गुण्डु -३ भक्तपुर | ३ ख ३६९ | ५-५-०-० | |
| २६ | उदय बहादुर थापा | गुण्डु -३ भक्तपुर | ३ ख २३० | ६-०-०-० | |
| | उदय बहादुर थापा | गुण्डु -३ भक्तपुर | ३ ख २३४ | १-८-०-० | नेपाल फाइनान्स बाट रोक्का |
| २७ | दिपक भण्डारी | गुण्डु -३ भक्तपुर | ३ ख ३६८ | २-३-०-० | |
| | दिपक भण्डारी | गुण्डु -३ भक्तपुर | ३ ख २९३ | ३-२-०-० | प्राइम कमर्सियल बैंक लि.बाट रोक्का |
| २८ | सर्वेस मरासिनी | गुण्डु -३ भक्तपुर | ३ ख ३७० | ५-१-०-० | |
| २९ | जानुका बस्नेत साविक जग्गाधनी कृष्ण बस्नेत | गुण्डु -३ भक्तपुर | ३ ख ३९१ | ६-९-०-० | कान्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि. बाट रोक्का |

उल्लेखित जग्गाहरु मालपोत कार्यालय भक्तपुरबाट आर्थिक वर्ष २०७५/७६ को लागि प्रकाशित जग्गाको न्युनतम मुल्याङ्कन पुस्तिका तथा सूर्यविनायक नगरपालिका ७ नं. वडा कार्यालयको मिति २०७५।०८।२३ को पत्रानुसार चलन चल्तीको मूल्य प्रति रोपनी रु. १७,६०,०००।— निर्धारण गरेको पाइन्छ। यसैगरी, उल्लेखित मिति २०६९।०९।१७ को पत्रमा उल्लेखित ललितपुर जिल्लाको छम्पी स्थित विभिन्न व्यक्तिहरुको नाउँमा खरिद गरिएको भनिएका २९७ कित्ता जग्गाहरु यस समितिको गठन हुनु पूर्व नै अन्य व्यक्तिहरुका नाउँमा हक हस्तान्तरण भएको देखिन्छ।

**२.१.३** धिरेन्द्र प्रसाद प्रधान एकल संचालक रहेको आयुषा डेभलपर्स प्रा.लि.को नाममा दर्ता स्रेस्ता रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका साविक वडा नं.१० को कित्ता नं. ४८१, ४९३, ४९४, ४९५, ४९६, ४९७, ७४७ र ७४९ को कूल क्षेत्रफल ४-२-३-० को जग्गामा शंखमूलमा निर्माण गरिएको बागमती अपार्टमेण्टमा बुकिङ्गकर्ताहरु बसोबास गरिरहेको तर निजहरुको नाउँमा सो आवासको दर्ता श्रेस्ता रहेको पाइन्न। उक्त सम्पत्तिमा बैंक अफ काठमाडौं लि. बाट १० करोड रुपैंया ऋण लगानी भएकोमा बैंकले रु. ४.७६ करोड रुपैंया व्याज असुल गरेको तथा कुल रु. ९.५४ करोड व्याज सहित तिर्न बाँकी रहेको भन्ने आवास सम्बन्धी जाँचबुझ आयोग, २०७१ को प्रतिवेदनमा उल्लेख भएको छ। उल्लेखित घर जग्गा बैंक अफ काठमाडौं लिमिटेडको च.नं. ५०१ मिति २०६६।०९।१२

र ललितपुर जिल्ला अदालतको च.नं. ७५ मिति २०७४।०४।०४ को पत्र समेतले रोक्का भएको भन्ने मालपोत कार्यालय काठमाडौंको मिति २०७४।११।३० को पत्रबाट देखिन्छ।

**२.१.४ सहकारीसंस्थाको नाममा रहेको अचल सम्पत्तिः** विगतमा सहकारी संस्थाका ऋणीहरूले समयमा कर्जा चुक्ता नगरेको कारण धितो स्वरूप रहेको जग्गा विभिन्न जिल्लामा सहकारी संस्था स्वयंले धितो लिलाम सकार गरी देहाय बमोजिमको जग्गा सहकारी संस्थाको नाममा दर्ता श्रेस्ता कायम रहेको देखिएको छ।

| सि.नं. | जिल्ला | साविक गा.वि.स./न.पा. | कित्ता नम्बर | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | चितवन | मङ्गलपुर-४ | ९३४ | ०-२-० बिघा |
| | चितवन | मङ्गलपुर-५ | ३७६ | ०-३-० बिघा |
| | चितवन | भरतपुर-३ | ३३३३ | ०-०-१० बिघा |
| | चितवन | पन्चकन्या-९ | ७५२ | ०-२-५ बिघा |
| | चितवन | पन्चकन्या-९ | ५५५ | ०-१-९.५ बिघा |
| | चितवन | चैनपुर-९ | २८० | ०-५-१० बिघा |
| २ | तनहुँ | जामुने-८ | १०७ | १-३-३-१ रोपनी |
| | तनहुँ | फराकचौर-९ | ६९१ | ०-४-०-० रोपनी |
| | तनहुँ | फराकचौर-७ | ४७९ | ०-८-२-० रोपनी |
| | तनहुँ | फराकचौर-८ | ८ | ०-१४-२-३ रोपनी |
| | तनहुँ | दोरदोर-९ | ४१४ | ०-२-०-० रोपनी |
| | तनहुँ | दोरदोर-५ | ८१४ | ०-२-१-३ रोपनी |
| ३ | कास्की | चापाकोट-५ | २५७ | ०-१२-०-० रोपनी |
| | कास्की | चापाकोट-५ | २५९ | ०-१२-०-० रोपनी |
| | कास्की | हेमजा-७ | १९९७ | ५-१३-०-० रोपनी |
| ४ | दाङ्ग | लालमटिया-३ | ५७२ | ०-१०-० बिघा |
| ५ | नवलपरासी पूर्व | काबासोती-४ | ४२ | ०-२-० बिघा |
| | नवलपरासी पूर्व | काबासोती-४ | ४४ | ०-१-० बिघा |
| | नवलपरासी पूर्व | गैंडाकोट-७ | ८० | १-५-१-० रोपनी |
| | नवलपरासी पूर्व | गैंडाकोट-६ | ५२३ | ०-१०-२-३ रोपनी |
| | नवलपरासी पूर्व | गैंडाकोट-६ | १९९ | १-२-०-० रोपनी |
| ६ | मोरङ्ग | बखरी-५ | ७०६ | ०-२-१० बिघा |
| | मोरङ्ग | बखरी-६ | २४४० | ०-०-१० बिघा |

**२.२ चल सम्पत्ति तर्फः**

हालसम्मको छानविनबाट विभिन्न बैंक तथा वित्तिय संस्थाहरुबाट प्राप्त भएको विवरण अनुसार निम्नानुसारको चल सम्पत्ति देखिएको छः-

**क. बैंकमा मौज्दात रकमः** सहकारी संस्था र संस्थाका तत्कालीन संचालक, कर्मचारी तथा निजहरुका एकाघरका परिवारका सदस्यहरू र निजहरुबाट संचालित विभिन्न कम्पनीसमेतको नाममा नेपाल राज्य भरका बैंक तथा वित्तीय संस्थामा रहेका बैंक खाता रोक्का गरी उक्त खाताको शुरूदेखि हालसम्मको Bank Statement उपलब्ध गराई दिने व्यवस्थाहुन नेपाल राष्ट्र बैंकलाई अनुरोध गरिएकोमा हालसम्म प्राप्त Bank Statement अनुसार विभिन्न कम्पनी, सहकारी संस्था, संचालक र कर्मचारीहरुको नाममा हालसम्म देहाय बमोजिम जम्मा रु. १९,११,०००।- मौज्दात देखिएको छ।

| क्र.स. | बैंक/वित्तीय संस्थाको नाम | व्यक्ति/संस्था/कम्पनीको नाम | रकम |
|---|---|---|---|
| | सिद्धार्थ बैंक लि. | ओरेण्टल को-अपरेटिभ लि. | १,३३,०००।- |
| २ | एभरेष्ट बैंक लि. | ओरेण्टल को-अपरेटिभ लि. | ८५,०००।- |
| ३ | गोर्खाज फाइनान्स लि. | ओरेण्टल को-अपरेटिभ लि. | १,९९,०००।- |
| ४ | एनआईसि एसिया बैंक लि. | नितु थापा<br>राजेश श्रेष्ठ | ८,०००।-<br>२,०००।- |
| ५ | प्राइम कमर्सियल बैंक लि. | ओरेण्टल को-अपरेटिभ लि. | १,२२,०००।- |
| ६ | प्राइम कमर्सियल बैंक लि. | सुधिर बस्नेत | १,९८,०००।- |
| ७ | प्राइम कमर्सियल बैंक लि. | धिरेन्द्र प्रधान | १०,०००।- |
| ८ | प्राइम कमर्सियल बैंक लि. | एवजंग रायमाझी<br>कालिन्द्र बहादुर जि.सी<br>आयुषा डेभलपर्स प्रा.लि. | २,०००।-<br>२,०००।-<br>४,०००।- |
| ९ | प्रभु बैंक लि. | सुधिर बस्नेत | २५,०००।- |
| १० | प्रभु बैंक लि. | राजेश श्रेष्ठ<br>प्रतिमा शर्मा | २१,०००।-<br>४,०००।- |
| ११ | सनराईज बैंक लि. | कोहिनुर हिल हाउजिङ्ग प्रा.लि. | २३,०००।- |
| १२ | सनराईज बैंक लि. | आयुसा डेभलोपर्स प्रा.लि. | ४,९५,०००।- |
| १३ | सनराईज बैंक लि. | रिजेश थापा | ३४,०००।- |
| १४ | नेपाल बंगलादेश बैंक लि. | कोहिनुर हिल हाउजिङ्ग प्रा.लि. | १०,०००।- |
| १५ | एनआईसि एसिया बैंक लि. | ओरेण्टल को-अपरेटिभ लि. | ४,९३,०००।- |
| १६ | एभरेष्ट बैंक लि. | सुधिर बस्नेत | ६,०००।- |
| १७ | एभरेष्ट बैंक लि. | नितु थापा | २८,०००।- |
| १८ | एभरेष्ट बैंक लि. | एवजंग रायमाझी | ३,०००।- |
| १९ | एभरेष्ट बैंक लि. | रिजेश थापा | ४,०००।- |

| जम्मा १९,११,०००।- |
|---|

**ख. शेयरः**

सहकारी संस्थाका तत्कालीन अध्यक्षको श्रीमती नितु थापा बस्नेत, तत्कालीन महाप्रवन्धक राजेश श्रेष्ठ र निजको श्रीमती प्रतिमा शर्माको नाउँमा देहाय बमोजिमको शेयर देखिएको छ।

| क्र. सं. | कम्पनीको नाम | शेयर धनीको नाम | शेयर धनी नं. | शेयर किसिम | शेयर संख्या ( कित्ता) |
|---|---|---|---|---|---|
| १ | ग्लोबल आईएमई बैंक लि. | नितु थापा बस्नेत | १६९१२७<br>१४३२६८ | साधारण<br>संस्थापक | ५०३८७<br>१३६२३३ |
| २ | ग्लोबल आईएमई बैंक लि. | राजेश श्रेष्ठ | ४४४७२<br>१६९२०४<br>१४३३६० | साधारण<br>साधारण<br>संस्थापक | ४०५<br>१२५९६<br>३४०५८ |
| ३ | प्रभु बैक लि. | प्रतिमा शर्मा | ५९८९४<br>७५१५७ | संस्थापक<br>साधारण | २६९१५<br>१००२७ |

श्रीमती नितु थापा बस्नेतको शेयरहरु कब्जामा लिई लिलामी प्रक्रिया अगाडि बढाउने कारवाही चलिरहेकोमा निजको तर्फबाट सर्बोच्च अदालतमा रिट दायर भै मुद्दा विचाराधीन रहेको छ। राजेश श्रेष्ठ र निजको श्रीमती प्रतिमा शर्माको नामको शेयरहरु कब्जा गरी लिलाम गर्ने प्रयोजनका लागि रोक्का राखिएको छ।सहकारी संस्थाका तत्कालिन कर्मचारी सन्ध्या भट्टराईको नाममा हाल सम्म देहाय बमोजिमको शेयर सहकारी संस्थाको निक्षेप रकमबाट खरिद गरेको हाल सम्मको छानविनबाट देखिएकोले कब्जा गरी लिलाम गर्ने प्रयोजनका लागि रोक्का गरिएको छ।

माछापुच्छ्रे बैंक लि. को साधारण शेयर २१३ कित्ता,
बैंक अफ काठमाडौं लि.(लुम्बिनी बैंक लि.) को साधारण शेयर ३०२ कित्ता,
नेपाल इन्भेष्टमेण्ट बैंक लि.(एस डेभलोपमेन्ट बैंक लि.)को साधारण शेयर ११५ कित्ता,
ICFC फाइनान्स कम्पनीको साधारण शेयर २४० कित्ता
नेशनल हाइड्रो पावर लि.को साधारण शेयर ६००० कित्ता
स्टाण्डर्ड चार्टर बैंक लि. को साधारण शेयर १० कित्ता
सेन्चुरी कमर्सियल बैंक लिमिटेडको साधारण शेयर ९ कित्ता
सिद्धार्थ बैंक लिमिटेडको साधारण शेयर १८६ कित्ता

**३. सहकारी संस्थाको ऋण लगानीतर्फः**

सहकारी संस्थाको उठ्न बाँकी कर्जा १२.०७ करोड रुपैयाँ देखिएको छ। सहकारी संस्थाको केन्द्रीय कार्यालय मैतिदेवी, काठमाडौं र विभिन्न जिल्लामा तत्कालीन समयमा रहेका शाखा

कार्यालयहरूबाट विभिन्न समयमा ऋण लिएका ऋणीहरूलाई ऋण चुक्ता भुक्तानी गर्न मिति २०७५।९।२५ मा सार्वजनिक सूचना प्रकाशित गरिएकोमा मिति २०७५।११।२३ सम्म १५ जना ऋणीहरूबाट ७५ लाख रुपैंया असुल गरी पिडितहरुलाई भुक्तानी दिने प्रयोजनका लागि समितिको नाउँमा कृषि विकास बैंक लिमिटेड रामशाहपथमा खोलिएको खातामा रकम जम्मा गरी रोक्का रहेको जग्गा फुकुवा समेत गरिएको छ।

**४. गैर बैङ्किङ् तथा बैङ्किङ् सम्पत्तिः**

सहकारी संस्थाका तत्कालीन अध्यक्ष सुधीर बस्नेत र निजको परिवारका सदस्यको नाममा रहेको तथा निज समेत संचालक रहेको विभिन्न कम्पनीको नाममा रहेको देहाय बमोजिमको अचल सम्पत्ति निम्न बैंकमा गैर बैङ्किङ् तथा बैङ्किङ् सम्पत्तिको रुपमा रहेको पाइएकोले यस समितिबाट समेत रोक्का गरी सम्बद्ध पक्षहरुसँग छलफलको प्रकृया जारी रहेको छ।

**क.** ओरेण्टल विल्डर्स एण्ड डेभलपर्स प्रा.लि.को नाममा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका साविक वडा नं. १० शान्तिनगर स्थित कित्ता नं. १९५ को १-३-३-२ र सोही प्रा.लि. का संचालक एबजङ्ग रायमाझीको नाममा दर्ता श्रेस्ता कायम रहेको (काठमाडौं जिल्ला अदालतको मिति २०७१।०२।०५ को पत्रबाट रोक्का, सिटिजन्स बैंक लि.को मिति २०६४।०२।१४ को पत्रबाट रोक्का रहेको) कित्ता नं. १९७ को ०-४-०-१ रोपनी जग्गा गरी जम्मा क्षेत्रफल १-७-३-३ को घर जग्गा र लिगलगापात (सिटिजन्स बैंक लि.को मिति २०६४।०२।१४ को पत्रबाट रोक्का रहेको) समेत सिटिजन्स बैक इन्टरनेशनल लि. को मिति २०७५।०१।१० को पत्रानुसार मिति २०७४ सालको चैत्र मसान्त सम्म धितो लिलामीबाट प्राप्त रकम पश्चात साँवा रु. ४,०४,४९,२८३।३४ र व्याज रु. ३,२९,५४,७४१।५१ गरी जम्मा रु. ७,३४,०४,०२४।८५ बाँकी रहेको भन्ने उल्लेख भएको छ। उल्लेखित गैर बैंकिङ्ग सम्पत्तिलाई बैंकको मिति २०७१।०१।२३ को लिलामी सूचना अनुसार रु. ७,६०,००,०००।—मा प्रिन्सटन एजुकेशन फाउण्डेशनले लिलाम सकार गरेको भए पनि यस समिति लगायत विभिन्न निकायबाट रोक्का भएका कारण हक हस्तान्तरण भएको छैन।

**ख.** सहकारी संस्थाका तत्कालीन अध्यक्षको श्रीमति नितु बस्नेत र आमा सुनिता बस्नेतको नाममा रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका साविक वडा नं. १० नयाँ बानेश्वरमा रहेको कित्ता नं. १०२, ३५८, ४८३ र ४८४ को जम्मा क्षेत्रफल २-४-०-३ को जग्गा र सो जग्गा समेतमा निर्मित घर तथा लिगलगापात समेत बैंक अफ काठमाडौं लि. (साविक लुम्बिनी बैंक लि.) का नाउँमा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा रहेको छ।

**ग.** ओरेण्टल विल्डर्स एण्ड डेभलपर्स प्रा.लि.को नाममा काठमाडौं जिल्ला साविक धापासी गाउँ विकास समिति वडा नं. २ र ५ अन्तर्गत विभिन्न ५१ वटा कित्ताहरूको कूल क्षेत्रफल २४-४-१-० रोपनी जग्गा र सोमा निर्मित भवन सहितको लिगलगापात समेत एनआइसी

एसिया बैंक लि. ले लगानी गरेको साँवा रु. २० करोड अशुल गर्ने क्रममा बैंकिङ्ग सम्पत्तिको रुपमा सकारगरी स्वामित्व हस्तान्तरण गरेको देखिन्छ।

**५ अन्य सम्पत्ति रोक्काः**

समस्याग्रस्त घोषित सहकारी संस्थाका तत्कालिन संचालक र कर्मचारी तथा निजका परिवारका सदस्यको नाममा नेपाल भर रहेको चल अचल सम्पत्ति समितिको निर्णयानुसार रोक्का गरी छानविन गर्ने कार्य जारी रहेको छ। हालसम्म प्राप्त प्रमाण कागजातहरुबाट संचालक र कर्मचारीहरुले सहकारी संस्थाको रकम हिनामिना वा मसौट गरी यो विवरणपत्रमा उल्लेख भए बाहेकका अचल सम्पत्ति खरिद गरेको भन्ने व्यहोरा पुष्टि भै सकेको छैन। यस्तै, सहकारी संस्थाका संचालकहरूबाट संचालित कोहिनुर हिल हाउजिङ् प्रा. लि. सहित विभिन्न १८ वटा कम्पनीको नाममा रहेको चल अचल सम्पत्ति समेत रोक्का राख्ने निर्णयगरी सम्बन्धित निकायहरुमा पत्राचार भै सकेको छ। कोहिनुर हिल हाउजिङ् प्रा. लि., आयुषा डेभलपर्स प्रा.लि र ओरेण्टल विल्डर्स एण्ड डेभलपर्स प्रा.लि.का नाममा भएको बाहेक ओरेण्टल को-अपरेटिभ लिमिटेडका संचालक, कर्मचारी वा निजहरुका परिवारका नाउँमा सहकारी संस्थाको रकम प्रयोग गरी अन्य कुनै सम्पत्ति रहेको भन्ने हालसम्मको छानविनबाट देखिन आएको छैन।

**६ सहयोग र समन्वयः**

यस समितिमा सहकारी संस्थाबाट पीडित निक्षेपकर्ताहरु, अपार्टमेण्ट बुकिङ्ग कर्ताहरु, शेयर सदस्यहरु, अन्य साहुहरु गरी हालसम्म जम्मा ७५४६ मागदावी निवेदनहरु परेका छन्। नेपाल सरकारको कर दायित्व र बैंक तथा वित्तिय संस्थाहरुको ऋण दायित्व माथि उल्लेख भै सकेको छ। सहकारी संस्थाका पीडितहरुको माग सम्बोधन गर्ने क्रममा बैंक तथा वित्तिय संस्थाहरुले लगानी गरेको साँवा रकम मात्र स्वीकारगरी धितोमा पारित गरेको जेथा फुकुवा गर्ने सैद्धान्तिक सहमती हुनु पर्ने देखिएको छ। राष्ट्रियस्तरमा देखिएको यो समस्या समाधानको लागि सम्बन्धित भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, सहरी विकास मन्त्रालय, काठमाडौं उपत्यका विकास प्राधिकरण लगायत नेपाल सरकारका विभिन्न निकायहरु, नेपाल राष्ट्र बैंक, विभिन्न बैंक तथा वित्तिय संस्थाहरु, काठमाडौं र ललितपुर महानगरपालिका लगायत स्थानिय निकायहरु तथा अन्य सरोकारवाला निकायहरु र सहकारी संस्थाका पीडितहरुको सकृय सहयोग विना यो समस्याको समाधान हुन नसक्ने भएकाले सबै पक्षको सहयोग र समन्वयको समितिले अपेक्षा गरेको छ।

**७ आगामी कार्यदिशाः**

नेपाल सरकार मन्त्री परिषदको मिति २०७४।०९।२८ को निर्णय बमोजिम यस व्यवस्थापन समितिलाई प्राप्त कार्यक्षेत्रगत शर्त(TOR) मा समितिले समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापनको सिलसिलामा कुनै बैंकिङ्ग वा वित्तिय संस्थाबाट ऋण लिएर वा अन्य कुनै तवरबाट संस्था उपर थप दायित्व सिर्जना गर्न नहुने भन्नेसमेत उल्लेख भएकोले यस समितिले

सहकारी ऐन, २०७४ को दफा १०६ बमोजिम छानविनबाट देखिएको चल अचल सम्पत्ति कब्जागरी लिलाम बिक्री समेत गरी सोही ऐनको दफा १०८ बमोजिम भुक्तानी गर्नु पर्ने कानुनी जिम्मेवरी रहेको छ। सहकारी संस्थाका अन्य पीडितहरुको समस्या समाधानको पहल वा व्यवस्थापन समेत समितिले नै गर्नु पर्ने अवस्था रहेको छ।

जसमा, सहकारी संस्थाका पीडितहरुले समिति समक्ष पेस गरेको मागदावी निवेदन प्रमाणिकरण, सहकारी संस्थाका नाउँमा रहेका र सहकारी संस्थाको निक्षेप रकमबाट अन्य व्यक्तिहरुको नाममा खरिद गरिएका चल अचल सम्पत्तिहरुको मूल्याङ्कन र लिलाम बिक्री गरी प्राप्त रकम समितिको खातामा जम्मा गर्ने, सहकारी संस्थाको निक्षेप रकम लगानी भएका परियोजनाहरुमा बैंक तथा वित्तिय संस्थाले ऋण लगानी गरेकोमा यस्तो ऋण लगानीको समुचित व्यवस्थापन, सरकार उपरको कर दायित्वको उचित व्यवस्थापन लगायत सहकारी संस्थाबाट ऋण लिएका ऋणीहरुबाट ऋण असुल गर्ने तथा सहकारी संस्थामा धितोमा राखेका जग्गा ऋण असुली पश्चात फुकुवा गर्दै जाने, सहकारी संस्थाका संचालक वा कर्मचारी वा निजको परिवारका नाउँमा खरिद भएको चल अचल सम्पत्ति कब्जा गर्ने, सहकारी संस्थाको कार्यालयहरुमा रहेका विभिन्न जिन्सी सामानहरु लिलाम बिक्री समेत गरी सहकारी संस्थाबाट भएका पीडितहरुको कानुन बमोजिम व्यवस्थापन गर्नु पर्ने अवस्था रहेको छ।

सहकारी संस्थाद्वारा संचालित परियोजनाहरुमा लगानी गर्ने बैंक तथा वित्तीय संस्थाहरुसँग उनिहरुको ऋण लगानी सुरक्षीत गर्ने सम्बन्धमा नियमित छलफल र सहकार्य गरी समस्याको सम्बोधन गर्नु पर्ने अवस्था रहेको छ। जसमा, एनआइसी एसिया बैंक लिमिटेड सँग सम्बन्धित धापासीको २४-४-१-० रोपनी जग्गा र लिगलगापात, बैंक अफ काठमाडौं लिमिटेड सँग सम्बन्धित नितु बस्नेत र सुनिता बस्नेत समेतका नाउँमा रहेको घर जग्गा र सोको लिगलगापात, सिटिजन्स बैंक लिमिटेडले गैह्र बैंकिङ्ग सम्पत्ति NBA गरेको काठमाडौं महानगरपालिका साविक वडा नं. १० शान्तिनगरमा रहेको कि.नं. १९५ र १९७ को घर जग्गा र लिगलगापात, साविक ललितपुर उप-महानगरपालिका वडा नं. २ सानेपा हाइटमा रहेको कि.नं. १५९८ नं. को ०-६-२-० रोपनी जग्गाको नेपाल फाइनान्स लिमिटेडले अवलम्बन गरेको लिलामी प्रकृया, इम्पेरियल अपार्टमेण्ट नक्सालमा प्राइम बैंक लिमिटेडले सकार गरेको धितो सम्पत्तिमा अदालतको आदेश बमोजिम पाउनु पर्ने तारादेवी ढकाल समेतको २५ वटा फ्ल्याट, धुम्बाराही अपार्टमेण्टमा वर्ल्ड मर्चेन्ट फाइनान्स लि. ले दुर्गा भण्डारीको नाउँमा रहेको ३ वटा फ्ल्याट धितो राखी कर्जा प्रवाह गरेकोमा बुकिङ्गकर्ता समेतको समस्या, एनसिसि बैंक लिमिटेडले काठमाडौं महानगरपालिका साविक वडा नं. ४ धुमबाराहीको कि. नं. ३४ मा बनेको अपार्टमेण्टका २ वटा फ्ल्याट धितोराखी कर्जा प्रवाह गरेकोमा बुकिङ्गकर्ताको रकम, सिटी एक्सप्रेस फाइनान्स लिमिटेडले काठमाडौं महानगरपालिका वडा नं. १४ को कि. नं. ३४ मा रहेको ओरेण्टल कोलेनीको C र D ब्लकको तेस्रो तलाको ३ वटा फ्ल्याट, ब्लक

E को  २ वटा फ्ल्याट तथा ब्लक D को १ फ्ल्याट धितो राखी कर्जा प्रवाह गरेको, नेपाल फाइनान्स लिमिटेडले धुम्बाराही अपार्टमेण्टका सात वटा फ्ल्याट धितोराखी कर्जा प्रवाह गरेको, राष्ट्रिय बाणिज्य बैंक लिमिटेडले सोही अपार्टमेण्टको ब्लक G  मा रहेका १२ वटा फ्ल्याट धितो राखी कर्जा प्रवाह गरेको, सिटिजन्स बैंक लि. ले धुम्बाराही अपार्टमेण्टका २९ वटा फ्ल्याट धितोराखी कर्जा प्रवाह गरेकोमा सो समेतको व्यवस्थापन समितिबाट नै गर्नु पर्ने देखिन आएको छ।

यसैगरी, कुलेश्वर अपार्टमेण्टमा वर्ल्ड मार्चेन्ट फाइनान्स लि. ले रुपलाल खत्रीका नाउँमा रहेको कुलेश्वर अपार्टमेण्टका ८ वटा फ्ल्याट धितोराखी कर्जा प्रवाह गरेको तथा मधुसुधन सापकोटाको व्यक्तिगत कर्जा अन्तर्गत निजको नाउँमा रहेको कुलेश्वर अपार्टमेण्टका ३ वटा फ्ल्याट धितो राखि कर्जा लिएको, शिशिरकुमार रिजाललाई व्यक्तिगत कर्जा अन्तर्गत १ वटा फ्ल्याट धितोराखी कर्जा प्रवाह गरेको, सिटी एक्सप्रेस फाईनान्स लि. ले सरश्वती देवी कुर्मीका नाउको कुलेश्वर कोलनीको २ वटा फ्ल्याट धितो राखि कर्जा प्रवाह गरेको, रिजेश थापालाई दिपु केशीका नाउँमा रहेको कुलेश्वर अपार्टमेण्टको १ वटा फ्ल्याट धितोराखी कर्जा प्रवाह गरेको, ग्राण्ड अपार्टमेण्ट धुम्बाराहीमा सिटिजन्स बैंक लि. ले निर्माण भएका ३९ वटा फ्ल्याट मध्ये २९ वटा फ्ल्याट धितोराखी कर्जा प्रवाह गरेको, कोहिनुर हिल हाउजिङ्ग प्रा.लि. बाफल कलङ्कीमा कुमारी बैंकले ६ वटा आवासीय घरहरु धितो राखी ऋणप्रवाह गरेको, बागमती अपार्टमेण्ट शंखमुलमा बैंक अफ काठमाडौं लिमिटेडले ८ कित्ताको जम्मा क्षेत्रफल ४-२-३-० रोपनी जग्गा र सो मा निर्मित संयुक्त आवास भवन धितोमा राखी कर्जा प्रवाह गरेको, कलङ्की इण्डिभिज्युयल हाउस, कलङ्कीमा सिटिजन्स बैंक लि. ले आयुषा डेभलपर्स प्रा.लि. को नाउँमा रहेको ५,४९७ बर्ग मिटर क्षेत्रफलमा निर्मित २६ वटा आवासीय भवनहरुमा २३ वटा हस्तान्तरण गरी बैंकको नाउँमा धितो रहेका ३ वटा भवनको स्वामित्व हस्तान्तरण नभएको जस्ता जानकारीमा रहेका वा नरहेका सहकारी संस्थाका पीडितहरुका हकमा समेत अवस्था अनुसार समितिले युक्तियुक्त सम्बोधनगरी सम्पत्तिको व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्नु पर्ने अवस्था रहेको छ।